जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३१ अंक १५९ २०७८ साल माघ ८ गते शनिबार (22 Jan. 2022 Saturday) मूल्य रु. ५/-

अनुमतिबेगर तेजाब वा अन्य घातक रसायनिक पदार्थको उत्पादन, निकासी, पैठारी वा विक्री बितरण गर्नु दण्डनीय अपराध हो ।

नेपाल सरकार
विज्ञापन बोर्ड

Log on : rajbirajdainik.com.np

यस अंक भित्र : २ पृष्ठमा : 'महामारीका कारण बालबालिकाको... ३ पृष्ठमा : अठार हजार नेपालीका ... ३ पृष्ठमा :भारतमा एकै दिनमा थप साढे...

## कोरोनाबाट थप एकको मृत्यु
## जिल्लामा संक्रिय संक्रमितको संख्या १ सय ७८

**दैनिक समाचारदाता**
**राजविराज, ७ माघ ।**
सप्तरीमा कोरोना संक्रमणबाट थप एक जनाको शुक्रबार बिहान मृत्यु भएको छ । यो सँगै एक सातायता कोरोना संक्रमणबाट मृत्यु हुनेको संख्या दुई पुगेको छ ।

मृत्यु हुनेमा सप्तरीको विष्णुपुर गाउँपालिका ७ का ६० वर्षिय रामरतन राम रहेका छन् । जिल्ला स्वास्थ्य कार्यालय सप्तरीका अनुसार कोरोना संक्रमित भई होम आइसोलेशनमा रहेका रामलाई दुई दिनअघि संक्रमण पुष्टि भएको थियो ।

यसअघि रुपनी गाउँपालिकाकी ६५ वर्षिया चमेलीदेवी साहको पनि कोरोनाका कारण ६ दिनअघि मृत्यु भएको थियो ।

यता शुक्रबार गजेन्द्र नारायण सिंह अस्पतालको पिसिआर प्रयोगशालामा ३७ जनाको स्वाव परिक्षण गर्दा २३ जनामा कोरोना संक्रमण्को पुष्टि भएको छ । संक्रमित हुनेहरुमा सप्तरी जिल्ला अदालतका चार जना कर्मचारी समेत छन् ।

यसअघि सप्तरी जिल्ला अदालत र उच्च अदालत जनकपुर राजविराज इजलाशका ७ जना न्यायाधिश, प्रदेश प्रहरी तालिम केन्द्र जनकपुर राजविराज सम्पर्क कार्यालयका ७५ जना सुरक्षाकर्मी, राष्ट्रिय बाणिज्य बैंकका १४ जना कर्मचारी र गजेन्द्र नारायण सिंह अस्पतालका एक जना चिकित्सकसमेत संक्रमित भई होम आइसोलेशनमा छन् ।

जिल्ला स्वास्थ्य कार्यालयका प्रमुख यादवका अनुसार शुक्रबारसम्ममा जिल्लामा संक्रिय संक्रमितको संख्या १ सय ७८ पुगेको छ ।

## लागु औषधसहित तीन पक्राउ




**दैनिक समाचारदाता**
**राजविराज, ७ माघ ।**
प्रतिबन्धित लागु औषधसहित सप्तरी प्रहरीले तीन जनालाई पक्राउ गरेको छ । जिल्ला प्रहरी कार्यालय सप्तरीले शुक्रबार पत्रकार सम्मेलनको आयोजना गरि पक्राउ परेकाहरुलाई सार्वजनिक गरेको छ ।

पक्राउ पर्नेहरुमा सप्तरीको तिरहुत गाउँपालिका ५ का २७ वर्षिय राजकुमार मेहता, सोही वडाका १९ वर्षिय सिन्दु सदा र अग्निसाइर कृष्णासवरण गाउँपालिका ६ का २५ वर्षिय बैजु साह छन् ।

भारतबाट अवैध रुपमा ल्याउँदै गरेको प्रतिबन्धित लागुऔषध डाइलेक्स डिसि एक सय एमएल १ सय ९० बोतल, डाइजेपाम २ एमएलको सुई, फेनारगन २ एमएलको सुई र लेजेसिक २ एमएलको सुई

*बाँकी तीन पृष्ठमा*

## श्रोत नखुलेका झण्डै १० लाख रुँपैयासहित दुई हुण्डी कारोबारी पक्राउ

**दैनिक समाचारदाता**
**राजविराज, ७ माघ ।**
सप्तरी प्रहरीले श्रोत नखुलेका झण्डै १० लाख रुँपैयासहित दुई जना हुण्डी कारोबारीलाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेहरुमा जिल्लाको डाक्नेश्वरी नगरपालिका ५ का २९ वर्षिय राजेशकुमार चौधरी र शम्भुनाथ नगरपालिका १२ का २४ वर्षिय दिलिप कुमार मण्डल छन् । उनीहरुका साथबाट प्रहरीले श्रोत नखुलेको रकम ९ लाख ९० हजार रुँपैया बरामद गरेको छ ।



राजविराज ५ स्थित छिन्नमस्ता अस्पताल अगाडी दुबै हुण्डी कारोवारीलाई गोप्य सूचनाको आधारमा पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ । जिल्ला प्रहरी कार्यालयबाट खटिएको प्रहरी टोलीले उनीहरुलाई प्रदेश-२-०१-००३ प.३४७८८ नम्बरको मोटरसाइकल र उक्त रकमसहित नियन्त्रणमा लिएको थियो ।

*बाँकी दुई पृष्ठमा*







अनुरोधकर्ता : तिलाठी कोइलाडी गाउँ कार्यपालिकाको कार्यालय सप्तरी

अनुरोधकर्ता : राजगढ गाउँ कार्यपालिकाको कार्यालय सप्तरी

# ‘महामारीका कारण बालबालिकाको पुड्को र ख्याउटेपन न्यूनीकरण चुनौतीपूर्ण’

काठमाडौं, ७ माघ (रासस)।

कोभिड–१९ महामारीका कारण संयुक्त राष्ट्रसङ्घको दिगो विकास लक्ष्यबमोजिम नेपाली बालबालिकाको पुड्को र ख्याउटेपनको न्यूनीकरणमा अपेक्षित प्रगति हुन नसक्ने देखिएको छ।

दिगो विकास लक्ष्यले निर्दिष्ट गरेको सूचकअनुसार बालबालिकामा ‘आवश्यक गतिमा’ प्रगति हुन नसकेको पुड्को र ख्याउटेपनको यो अवस्था अझ बिग्रनसक्ने सम्भावना रहेको राष्ट्रसङ्घीय बालकोष (युनिसेफ) ले जनाएको छ।

नेपालमा महिला तथा बालबालिकाको पोषणमा हासिल भएका उपलब्धि ‘हाल कायम रहेको असमानता र कोभिड–१९ महामारीका कारण’ जोखिममा परेको उसको अध्ययनले देखाएको छ। विगत तीन दशकमा महिला तथा बालबालिकाका क्षेत्रमा भएको प्रगतिमा केन्द्रित भएर युनिसेफले सार्वजनिक गरेको ‘मातृ तथा बाल पोषण’को विशेषाङ्कमा गति, परिमाण र समानताका आधारमा विश्लेषण गरिएको छ। सो जर्नलका अनुसार देशको राजनीतिक तथा आर्थिक अस्थिरताका बाबजुद नेपालले सहस्राब्दी विकास लक्ष्यको अवधि (सन् २००२ देखि २०१६ सम्म) मा बालबालिकामा हुने पुड्कोपनमा कमी ल्याउन र पोषण सेवाको वृद्धि गर्नमा उल्लेख्य प्रगति गरेको भए पनि नेपालले अझै पोषणका क्षेत्रमा थुप्रै चुनौतीको सामना गरिरहेको छ।

‘नेपालमा पोषणः तीन दशकमा महिला तथा बालबालिकाका लागि प्रगति’ शीर्षकको सो जर्नलमा नौ वटा लेख समेटिएका छन्, जसमा सफलताका बाहकको पहिचान गर्नुका साथै दिगो विकासका लक्ष्यभित्रको पोषणसम्बन्धी परिमाणात्मक लक्ष्य प्राप्त गर्न कुन क्षेत्रमा अझै व्यापक नीति र कार्यक्रमगत प्रयासको आवश्यकता छ भन्नेबारे उल्लेख गरिएको छ।

“उपयुक्त मातृ तथा बालपोषण उत्थानशील समाज निर्माणको आधार हो। मातृ तथा बालपोषण जर्नलमा उल्लेख गरिएको कुपोषित बालबालिकाको सङ्ख्यामा आएको कमी, स्वास्थ्य सुविधा तथा सेवामा भएको सुधार र विगत तीन दशकयता नेपालमा अपनाइएको बहुक्षेत्रीय पद्धति- यी सबैले कुपोषणलाई अन्त्य गर्न नेपाल सरकारको दृढ प्रतिबद्धतालाई झल्काउँछन्”, नेपालका लागि युरोपेली सङ्घका राजदूत नोना डिप्रेजले भन्नुभयो, “महिला तथा बालबालिकाको पोषणमा सुधार ल्याउन नेपाल सरकारका तर्फबाट जारी प्रयत्नमा सहयोग गर्न पाउँदा गौरवान्वित छौं।”

नेपालमा सरकारको प्रगतिशील क्रियाकलापले गर्दा नै पोषणका क्षेत्रमा यस्ता महत्वपूर्ण सफलता प्राप्त भएका हुन्। उदाहरणका लागि भिटामिन ए को पहुँचमा विस्तारसँग जुध्न नेपाल सरकारले विभिन्न प्रकारका अग्रगामी अनुसन्धानको सहायता लिएको पाइन्छ। बालबालिकाको पोषणलाई सुदृढ गर्न सरकारले नुनमा आयोडिन मिश्रण गर्ने व्यवस्थालाई अनिवार्य बनाएको छ।

देशभरिका स्वास्थ्यचौकी र अस्थायी स्वास्थ्य केन्द्रमा र खासगरी महिला स्वयंसेविकाको परिचालनमा गरिएको लगानीले उल्लेखनीय सङ्ख्यामा बालबालिकासम्म भिटामिन ए कार्यक्रम र गर्भवती महिलासम्म आइरन चक्की र फोलिक एसिड पुऱ्याउन महत्वपूर्ण भूमिका खेलेको छ। साथै सहश्राब्दी विकास लक्ष्यको अवधिमा बालबालिकाको शिक्षा तथा सरसफाइका क्षेत्रमा गरिएको लगानीले पनि बालबालिकाको सर्वाङ्गीण विकासमा बल पुऱ्याएको छ। यसका अतिरिक्त मानिसको जीवन चक्रको अवधिभर पोषणलाई सुदृढ बनाउन बहुक्षेत्रीय पोषण योजनाले बहुक्षेत्रीय र बहुसरोकारवाला कार्यहरूलाई निर्देशित गरेको छ, जसले पोषणमा हासिल भएको प्रगतिमा योगदान पुऱ्याएको छ।

सहश्राब्दी विकास लक्ष्यको सुरुआती समयको तुलनामा नेपालसँग बिहीबार धेरै फरक खालका नीति तथा कार्यक्रम छन् र पोषणसम्बन्धी राष्ट्रिय र विश्वस्तरका परिमाणात्मक लक्ष्य हासिल गर्ने प्रयासका क्रममा नयाँ अवसर तथा चुनौती पनि अएका छन्। हालसालै कोभिड–१९ महामारी एउटा मानवीय र अर्थसामाजिक सङ्कट बनेको छ जसले विगतका पोषणसम्बन्धी उपलब्धिलाई जोखिममा पारेको युनिसेफले जनाएको छ।

नेपालका लागि युनिसेफ प्रतिनिधि एल्के विशले पोषण विशेष र पोषण संवेदनशील हस्तक्षेप वृद्धि गरी आमा, किशोरकिशोरी तथा बालबालिकाको पोषणको प्रवर्द्धन गर्न उपयोगी हुने तर यस महामारीले महिला तथा बालबालिकाको पोषणमा पारेको असरलाई ध्यानमा राख्दै हामीले तत्काल नै कदम चाल्नुपर्ने बताउनुभयो।

नेपालका बालबालिकाको स्वास्थ्यमा सुधार ल्याउन युनिसेफले सरकार र साझेदारलाई बालबालिका, किशोरकिशोरी र आमाका लागि पोषणयुक्त, सुरक्षित, सुलभ र दिगो आहारको पहुँचमा सुधार, पोषणयुक्त आहार सुनिश्चित गर्नमा विभिन्न आर्थिक, सामाजिक र भौतिक बाधा हुने भएकाले खाना, स्वास्थ्य, पानी तथा सरसफाइ, शिक्षा र सामाजिक संरक्षण सबै समेट्ने बहुप्रणालीको आवश्यकतामा जोड दिएको छ।

सुविधामा आधारित स्वास्थ्यकर्मीको मौजुदा प्लाट्फर्म-जस्तै परिवार नियोजन, गर्भवती परीक्षण, प्रसूति सेवा र प्रसुतिपश्चात् आमा र शिशुको हेरचाहमा अत्यावश्यक पोषण सेवा एकीकृत गर्ने र अझै धेरै महिला तथा बालबालिकासम्म पुग्न महिला स्वास्थ्य स्वयंसेविकामार्फत समुदायमा आधारित पोषण सेवाको सुदृढतालाई निरन्तरता दिने पनि आग्रह गरिएको छ।

शिशु तथा साना बालबालिकालाई खाना खुवाउने र ठूला बालबालिका, किशोरकिशोरी र महिलाको आहारमा सुधार ल्याउन उनीहरुको हेरचाहकर्तासम्म यथार्थ जानकारी, सल्लाह र परामर्श सेवा पुऱ्याउन बहुसञ्चार माध्यमको प्रयोग गर्न पनि युनिसेफले आग्रह गरेको छ।

पोषण कार्यक्रम र सेवासम्बन्धी योजना बनाउन आवश्यक बजेटको व्यवस्था गर्ने र सोहीको कार्यान्वयन र अनुगमन गर्न स्थानीय सरकारको नेतृत्व र व्यवस्थापन क्षमताको विकास गर्नुका साथै प्रगतिको मापनका लागि तथ्याङ्क, सूचना र प्रमाण सिर्जना गर्ने कार्यप्रति नेपालको प्रतिबद्धतालाई कायम राख्न पनि उसले आग्रह गरेको छ।

नेपालले स्वास्थ्य तथा पोषण सेवाको विस्तार, घरपरिवारको आम्दानीमा वृद्धि र अभिभावक शिक्षा तथा सरसफाइमा आएका सुधारका कारण दुई वर्ष मुनिका बालबालिकामा पुड्कोपन २४ प्रतिशतले घटेको (सन् १९९६ मा ५७ प्रतिशतबाट सन् २०१६ मा ३३ प्रतिशतमा झरेको) थियो। सन् १९९६ र २०१६ को अन्तरालमा प्रारम्भिक स्तनपानको दर १८ प्रतिशतबाट ५६ प्रतिशत पुगेको थियो भने शिशुलाई पूरक खाना खुवाउने दर ५४ प्रतिशतबाट ७७ प्रतिशत पुगेको थियो

महिलाले गर्भावस्थामा पर्याप्तमात्रामा आइरन र फोलिक एसिड चक्कीको सेवन गर्ने दर सन् २००१ मा छ प्रतिशतबाट सन् २०१६ मा ७१ प्रतिशत पुगेको थियो। कूल ५० हजारभन्दा बढी महिला स्वास्थ्य स्वयंसेविकाको संलग्नता र सक्रियताका कारण समुदायमा आइरन चक्की तथा फोलिक एसिडको पहुँच र मागमा वृद्धि अएको थियो। यसका साथै बढ्दो सङ्ख्यामा महिलाले छिटो र नियमितरूपमा गर्भ परीक्षण गरेको पनि देखिएको थियो।

छ महिनादेखि ५९ महिना उमेर समूहका ८० प्रतिशत बालबालिकालाई निरन्तररूपमा भिटामिन ए क्याप्सुल दिइएको थियो जसले गर्दा सन् २००२ देखि सन् २०१५ को अन्तरालमा ४५ हजार बालबालिकाको ज्यान बचेको अनुमान गरिएको छ।

पर्याप्तमात्रामा आयाडिनयुक्त नूनको सेवन गर्ने घरपरिवारको सङ्ख्या सन् १९९८ देखि सन् २०१६ को बीचमा दोब्बर अर्थात् ३५ प्रतिशतबाट ७७ प्रतिशत पुगेको थियो।

# एमडी एमएस कक्षा सञ्चालन गरिने

**राजु विश्वकर्मा**

जनकपुर, ७ माघ (रासस)।

मधेस स्वास्थ्य विज्ञान प्रतिष्ठानले एमडी एमएस कक्षा छिट्टै सञ्चालन गर्ने भएको छ। स्थापना भएको करिब डेढ वर्षको अवधिमा बिएसी नर्सिङ, बिपिएच, बिएमएलटी र बिएन एस कक्षा सञ्चालन गर्न सफल प्रतिष्ठानले छिट्टै एमडी एमएस कक्षा पनि सञ्चालनको तयारी गरेको हो।

मेडिसिन, सर्जरी, गाइनोलोजिष्ट, पेडियाट्रिक्स, अर्थोपेडिक्स र रेडियोलोजिष्ट गरी छ विषयमा एमडी एमएस कक्षा सञ्चालन गर्ने तयारी गरिएको प्रतिष्ठानका उपकुलपति प्रा डा रामकेवल साहले जानकारी दिनुभयो।

“हामी छिट्टै एमडी एमएस कक्षा सञ्चालन गर्ने तयारीमा छौं”, उहाँले भन्नुभयो, “तर प्रतिष्ठानसँग अहिले आफ्नो स्वामित्वको अस्पताल नहुँदा उक्त कक्षा सञ्चालनमा केही कठिनाइ भएको छ।”

“एमडी एमएस कक्षा सञ्चालनका लागि आफ्नै स्वामित्वको अस्पताल चाहिन्छ”, उपकुलपति साहले भन्नुभयो, “आफ्नो स्वामित्वको अस्पताल प्रतिष्ठानसँग छैन, ऐनअनुसार जनकपुरधामस्थित प्रादेशिक अस्पताल प्रतिष्ठानको मातहतमा आइसकेपनि पूर्ण स्वामित्व हस्तान्तरण भइ नसकेकाले चाहेर पनि एमडी एमएस कक्षा सञ्चालन गर्न सकिएको छैन, यद्यपि प्रादेशिक अस्पतालको स्वामित्व प्रतिष्ठानमा हस्तान्तरणको पहल भइरहेकाले त्यो हुने बितिकै एमडी एमएस कक्षा सञ्चालन गर्नेछौं।”

गत २०७७ कार्तिकमा गठन भएको प्रतिष्ठानले चिकित्सा शिक्षा आयोगबाट मान्यता प्राप्त गरी २०७८ मङ्सिर महिनादेखि चार विषयको कक्षा सञ्चालन गर्दै आएको छ। जसअन्तर्गत बिएन एस सङ्कायमा १६, बिएसी नर्सिङ, बिपिएच र बिएमएलटीमा एक/एक विद्यार्थी अध्ययनरत रहेको प्रतिष्ठानले जनाएको छ।

सबै शैक्षिक कार्यक्रममा २०/२० विद्यार्थी भर्ना गराउनका लागि अनुमति पाए पनि चिकित्सा शिक्षा आयोगले यसबर्ष लिएको प्रबेश परीक्षामा थोरै मात्र विद्यार्थी उत्तिर्ण भएकाले अपेक्षाकृत विद्यार्थी भर्ना हुन नसकेको प्रतिष्ठानले जनाएको छ।

गठन भएको छोटो समयमै स्वास्थ्य सङ्कायतर्फका विषय सञ्चालन गर्न सफल प्रतिष्ठानमा ऐनले तोक बमोजिमको पदाधिकारी नियुक्त हुन नसक्दा अन्य प्रशासनिक तथा व्यवस्थापकीय गतिबिधिमा समेत असर परेको छ।

उक्त प्रतिष्ठानको ऐनमा उपकुलपति, शिक्षाध्यक्ष, रेक्टर, रजिष्टार, अस्पताल निर्देशक र पदपूर्ति समिति अध्यक्षको व्यवस्था भए पनि हाल सो प्रतिष्ठानमा उपकुलपति बाहेक सबै पद रिक्त छन्। प्रदेश सरकारले २०७७ साल पुसमा प्रतिष्ठानको उपकुलपतिमा साह, रेक्टरमा डा. अङ्कुरकुमार साह र रजिष्टारमा डा. बिनोदकुमार यादवलाई नियुक्त गरेपनि नियुक्तिको बिषयलाई लिएर जनकपुरस्थित उच्च अदालतमा मुद्दा दायर भए पछि हाल ती पदहरु रिक्त हुन पुगेका थिए।

प्रदेश सरकारले नियमावली नै नबनाइ प्रतिष्ठानमा नियुक्ति दिएको भन्दै दायर रिटमा उक्त अदालतले उपकुलपति साह अदालतको आदेशमा पुनःबहाली भएपनि नियुक्त भएका रेक्टर र रजिष्टारको पदमा नियमावली बनाइ पारदर्शी ढङ्गबाट नियुक्त गर्न परमादेश आदेश जारी गरेको थियो।

अदालतको आदेश पछि नियमावली तयार गरेर प्रतिष्ठानमा रिक्त पदाधिकारीको पदपूर्तिका लागि गृहकार्य भइरहेको प्रादेशिक सामाजिक विकास मन्त्री तथा प्रतिष्ठानका सहकुलपति नवलकिशोर साहले बताउनुभयो।

“सो विवादमा अदालतले २०७८ पुस ६ गते परमादेश जारी गरिसके पनि परमादेशको पूर्ण पाठ आइसकेको छैन”, मन्त्री साहले भन्नुभयो, “जसका कारण पदपूर्तिलगायतका कार्य अघि बढाउन गाह्रो भएको छ।” अदालतबाट परमादेशको पूर्ण पाठ आएलगत्तै अन्य कार्य अघि बढ्ने उहाँको भनाइ थियो।

प्रादेशिक अस्पतालको स्वामित्व हस्तान्तरणको समेत काम अघि बढिसकेकाले आवश्यक तयारी पुरा हुनेबितिकै प्रतिष्ठानलाई अस्पतालको स्वामित्व हस्तान्तरण गरिने मन्त्री साहले जानकारी दिनुभयो।

प्रदेश सरकारबाट वार्षिक रु १० करोड अनुदानका भरमा सञ्चालन हुँदै आएको सो प्रतिष्ठानमा हाल दुई प्रशासनिक कर्मचारी, पाँच पूर्णकालीन शिक्षक र केही आंशिक शिक्षक कार्यरत छन्। मधेस प्रदेशका मुख्यमन्त्री लालबाबु राउत कुलपति र सामाजिक विकास मन्त्री साह सहकुलपति रहेको सो प्रतिष्ठानसँग अन्य आफ्नो कुनै आर्थिक स्रोत नहुँदा प्रदेश सरकारकै अनुदानबाट शिक्षक, कर्मचारीलगायतको तलब भत्ता, स्वास्थ्य उपकरण तथा शैक्षिक कार्यक्रम सञ्चालन हुँदै आएको छ।

प्रदेशमा स्वास्थ्य क्षेत्रका गुणस्तरीय जनशक्ति उत्पादन गरी गुणस्तरीय स्वास्थ्य सेवा पुऱ्याउने उदेश्यका साथ स्थापना भएको प्रतिष्ठानले छोटो समयमै स्वास्थ्यसम्बन्धी कक्षा सञ्चालन गर्नु महत्वपूर्ण उपलब्धि भएको प्रदेशसभा सदस्य रामअशिष यादवले बताउनुभयो।

“जुन उद्देश्यका साथ प्रदेश सरकारले प्रतिष्ठान स्थापना गरेको छ, त्यहीअनुसार नै काम अघि बढाएको पाउँदा खुशी लागेको छ”, प्रदेशसभा उहाँले भन्नुभयो, “यसबाट थोरै खर्चमा पनि मधेसका जनताले आफ्ना छोराछोरीलाई डाक्टर बनाउन सक्छन्, यो हाम्रा लागि उपलब्धिपूर्ण काम हो। प्रतिष्ठानमा रहेका समस्यालाई तत्काल समाधान गर्नु जरुरी छ।”

### श्रोत नखुलेका ...

जिल्ला प्रहरी कार्यालयका डिएसपी माधवप्रसाद काफ्लेका अनुसार भारतबाट मोटरसाइकलमा घर फर्कदै गरेका उनीहरुले बोकेको कालो झोलाबाट १ हजारका सात र पाँच सयका एक हजार ९ सय ६६ थान गरि उक्त परिमाणको रकम बरामद गरिएको हो।

अनुसन्धानका क्रममा दुबै जना हुण्डी कारोबारमा संलग्न रहेको खुलेको उनले बताए। दुई दिनअघि पक्राउ परेका उनीहरुबारे आवश्यक अनुसन्धान पुरा गरि शुक्रबार प्रहरीले विवरण सार्वजनिक गरेको हो।

पक्राउ परेकाहरुलाई थप अनुसन्धानका लागि इटहरीस्थित राजश्व अनुसन्धान कार्यालय पठाइएको प्रहरीले जनाएको छ।


पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं।

होमियोप्याथिक रिसर्च इन्स्टिच्युट

डा. सुशील मोहन दास

(बी.एच.एम.एस)

सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार

Dr. Lalan Prasad Rauniyar

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338

कन्सलटेन्ट बाल रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

डा. रंजना गिरी

Dr. Ranjana Giri

M.B.B.S. MD (Obstetrician and Gynaecologist)

Infertility Specialist (Consultant IVF)

NMC No. : 10635

बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

# अठार हजार नेपालीका राहदानीको विवरण इन्टरपोलमा

काठमाडौं, ७ माघ (रासस)।

राहदानी विभागले १८ हजार ७७१ नेपाली नागरिकका राहदानी हराएका विवरण अन्तर्राष्ट्रिय प्रहरी सङ्गठन (इन्टरपोल)मा दर्ता गराएको छ। राहदानी नियमावली, २०२० अनुसार विभागले हराएका राहदानीको विवरण नेपाल प्रहरीको इन्टरपोल शाखामार्फत १९४ राष्ट्र सदस्य रहेको इन्टरपोलमा दर्ता गराएको हो।

नियमावलीअनुसार हराएका राहदानीबारे इन्टरपोललाई समय-समयमा अद्यावधिक गर्नुपर्ने प्रावधान छ। यसै हप्ता परराष्ट्र मन्त्रालयले जारी गरेको नेपालको परराष्ट्र मामिलासम्बन्धी वार्षिक प्रतिवेदनमा विभागले हराएको राहदानीको विवरण नियमित रूपमा इन्टरपोललाई पठाउँदै आएको जनाइएको छ। वार्षिक प्रतिवेदनमा आर्थिक वर्ष २०७७/७८ को विवरणमात्र समावेश गरिएको छ।

विभागले ७७ वटै जिल्ला प्रशासन कार्यालय, १९ इलाका प्रशासन कार्यालय र विदेशस्थित ४० नेपाली कूटनीतिक नियोगमार्फत राहदानी सेवा उपलब्ध गराउँदै आएको तथा उक्त अवधि सम्ममा ६८ लाख ६ हजार ९१३ 'मेसिन रिडेबल पासपोर्ट' जारी गरेको प्रतिवेदनमा उल्लेख छ।

पञ्चशीलका सिद्धान्त, असंलग्नता, संयुक्त राष्ट्र सङ्घको बडापत्र, अन्तर्राष्ट्रिय कानून र विश्व शान्तिका मापदण्डअनुसार परराष्ट्र नीति सञ्चालन गरिरहेको मुलुकले स्वतन्त्र र सन्तुलित परराष्ट्र नीति अवलम्बन गरेको छ। उदार, नियममा आधारित अन्तर्राष्ट्रिय व्यवस्थाको वकालतलाई नेपालले जारी राखेको प्रतिवेदनमा स्पष्ट गरिएको छ भने अन्तर्राष्ट्रिय र राष्ट्रिय प्रतिबद्धता महसुस गर्न विकासका साझेदारहरूसँग सहकार्य भइरहेको, दिगो विकास लक्ष्य हासिल गर्ने आकाङ्क्षा पूरा गर्न हरसम्भव प्रयास गरिएको जनाइएको छ। कोभिड-१९ को महामारीले सिर्जना गरेको कठिनाइका बीच पनि नेपालको संलग्नता छिमेकी र अन्य देशका साथै क्षेत्रीय र बहुपक्षीय मञ्चमा प्रतिनिधित्व एवं संलग्नता सक्रिय र अर्थपूर्ण रहेको दाबी गरिएको छ।

बाह्य जगत्सँग नेपालको सम्बन्धलाई प्रगाढ र सुदृढ बनाउन परराष्ट्र मन्त्रालय सक्रियतापूर्वक लागिरहेको, द्विपक्षीय, क्षेत्रीय र बहुपक्षीय स्तरका मित्र राष्ट्रहरूसँग पनि आर्थिक कूटनीति प्रवर्द्धन र विदेशमा रहेका नेपाली नागरिकको हितको रक्षाका निम्ति दत्तचित्त भएर लागेको प्रतिवेदनमा जनाइएको छ।

वर्तमान सरकारले संवैधानिक सर्वोच्चतालाई उच्च महत्व दिएको, मानव अधिकार, मौलिक स्वतन्त्रता, विधिको शासन, स्वतन्त्र न्यायपालिका, सुशासन, लोकतान्त्रिक मूल्यमान्यताको संरक्षण, राष्ट्रको उन्नयन र राष्ट्रिय हित, आर्थिक विकास, सामाजिक-आर्थिक रूपान्तरणको आधारस्तम्भ निर्माण, शान्ति प्रक्रियाको बाँकी काम पूरा गर्ने, सङ्घीयता कार्यान्वयन तथा स्थानीय तहको सुदृढीकरणलाई प्राथमिकतामा राखेर परराष्ट्र नीति सञ्चालन गरिरहेको उल्लेख छ।

# अनलाइनका कारण वैदेशिक रोजगार कार्यालय सुनसान

काठमाडौं, ७ माघ (रासस)।

वैदेशिक रोजगारसँग सम्बन्धित सेवा अनलाइनबाट प्रवाह गर्न थालिएसँगै काठमाडौंको ताहाचलस्थित वैदेशिक रोजगार कार्यालय परिसर सुनसान हुन थालेको छ। वैदेशिक रोजगारीमा जाने श्रमिकले श्रम स्वीकृति र पुनः श्रम स्वीकृतिका लागि कार्यालयमा जानै पर्ने बाध्यतालाई हटाउँदै सरकारले श्रम स्वीकृति र पुनः श्रम स्वीकृति अनलाइनबाट दिन थालेपछि कार्यालयमा हुने भीड हटेको हो।

कार्यालयले गत वर्षदेखि नयाँ श्रम स्वीकृति अनलाइनबाट जारी गर्दै आएकामा यही माघ २ गतेदेखि पुनः श्रम स्वीकृति पनि अनलाइनबाटै दिन थालेको हो। पहिलो दिन नै ८५५ जनाले अनलाइनबाट पुनः श्रम स्वीकृति लिएका थिए।

हाल दैनिक एक हजारको हाराहारीमा सेवाग्राहीले अनलाइन प्रणालीबाट पुनः श्रम स्वीकृति लिएको कार्यालयले जनाएको छ। कोरोना सङ्क्रमण जोखिमको बेला अनलाइनबाट श्रम स्वीकृति दिने विषय प्रभावकारी बनेको कार्यालयका निर्देशक हरिराम नागिलाले बताउनुभयो। "कुनै बेला निकै भीडभाड हुने कार्यालय अनलाइनबाट सेवा प्रवाह शुरु भएसँगै सुनसान भएको छ", उहाँले भन्नुभयो।

यसअघि दैनिक एक हजार बढी सेवाग्राहीको भौतिक उपस्थितिमा सेवा प्रवाह गर्दा कोरोना सङ्क्रमण बढ्ने, कर्मचारी र सेवाग्राहीबीच अनुचित आर्थिक लेनदेन हुने गुनासो आउने गरेको थियो। त्यस्तै सेवाग्राहीको चाप बढी हुँदा कर्मचारीले रातिसम्म काम गर्नुपर्ने बाध्यता थियो।

कार्यालयले संस्थागत श्रम स्वीकृति, पुनः श्रम स्वीकृति र व्यक्तिगत श्रम स्वीकृति दिने गर्दै आएको छ। कार्यालयबाट औसत प्रतिदिन एक हजार ५६५ को अन्तिम श्रम स्वीकृति जारी हुने गरेको छ। श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री कृष्णकुमार श्रेष्ठले श्रम स्वीकृतिलाई 'पेपरलेस' बनाउन निर्देशन दिएसँगै छिटो, छरितो र पारदर्शी र गुनासोरहित सेवाप्रवाह गर्न अनलाइन प्रणालीबाट पुनः श्रम स्वीकृतिको काम सुरु भएको थियो।

अनलाइनमा कागजात जाँच गर्न समय लाग्ने तथा कहिलेकाहीँ इन्टरनेट वा सर्भरको समस्या हुनसक्ने भएकाले कार्यालयले श्रम स्वीकृतिका लागि तीन दिन अगाडि अनलाइन फाराम भर्न आग्रह गरेको छ। सेवाग्राहीले सही विवरण भरेमा सोही दिन नै श्रम स्वीकृति दिन सकिने कार्यालय प्रमुख अर्यालले बताउनुभयो। पुनः श्रम स्वीकृतिको लागि म्यादी जीवन बीमा र वैदेशिक रोजगार कल्याण कोषको रकम अनलाइन भुक्तानी प्रदायक संस्थामार्फत भुक्तानी गर्नुपर्ने हुन्छ।

म्यादी जीवन बीमाको शुल्क उमेरअनुसार लाग्नेछ। कल्याणकारी कोषमा प्रत्येक श्रमिकले रु एक हजार ५०० बुझाउनुपर्छ। जीवन बीमा र कल्याणकारी शुल्क ३५ वर्षसम्मका लागि रु पाँच हजार २०८, ३६ देखि ५० वर्षसम्मका लागि रु छ हजार ४३१ र ५१ वर्षदेखि माथिका लागि रु१० हजार ९६३ तिर्नुपर्छ। कार्यालयले बीमा र कल्याणकारी शुल्कबाहेक अतिरिक्त रकम नबुझाउन सेवाग्राहीमा अनुरोध गरेको छ।

## लोकसेवाका लिखित परीक्षा स्थगन

काठमाडौं, ७ माघ (रासस)।

लोकसेवा आयोगले पूर्वनिर्धारित सबै लिखित परीक्षा कार्यक्रम स्थगन गरेको छ।

आयोगले बिहीबार सूचना जारी गरी आयोगका कर्मचारीमा कोभिड-१९ सङ्क्रण देखिएकाले यही माघ ११ गतेदेखि माघ मसान्तसम्म सञ्चालन हुनेगरी निर्धारण गरिएका परीक्षा स्थगन भएको जनाएको हो।

लिखित परीक्षाबाहेकका पूर्वनिर्धारित कार्य यथावतरूपमा सञ्चालन हुने निर्णय भएको आयोगले सूचनामा जनाएको छ।

### *लागु औषधसहित ...*

९५/९५ का दरले बरामद गरेको प्रहरी उपरिक्षक अविनारायण काफ्लेले जानकारी दिएका छन्।

सो क्रममा प्रहरी उपरिक्षक काफ्लेले जिल्लाको छिन्नमस्ता गाउँपालिका १ बरहीस्थित पूर्वपश्चिम कोशी कनाल पम्प नहरको बाटोमा चेकजाच गर्ने क्रममा उनीहरु पक्राउ परेको जानकारी दिए।

पश्चिमबाट पूर्वतर्फ आउँदै गरेको को.२३प. २७७३ नम्बरको मोटरसाइकलमा चढेका उनीहरु बारे शंका लागि चेकजाच गर्दा प्रतिबन्धित लागुऔषध बरामद गरिएको प्रहरी उपरिक्षक काफ्लेले जानकारी दिए।

पक्राउ परेका सबैलाई शुक्रबार नै सप्तरी जिल्ला अदालतबाट लागु औषध मुद्दामा म्याद थप थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।


राजविराज नगरपालिका

७ नं. वडा कार्यालय

राजविराज, सप्तरी
२ नं. प्रदेश, नेपाल

पत्र संख्या:-२०७८/०७९
च.नं. 620

मिति:-२०७८/१०/०७

राजविराज नगरपालिका

०७ न वडा कार्यालयबाट जारी भएको ३५ दिने सुचना

जिल्ला सप्तरी राजविराज नगरपालिका वडा नं ०७ बस्ने राम चरित्र मेहताको पत्नी कलम बती देवी ले तपसिलका मोही जग्गाहरु नामसारी दर्ता गर्न सिफारिस गरी भनी मिति २०७८।०९।२७ मा द न ५५४ को निवेदन दिएको हुँदा सो मोही जग्गामा कसैको हक दाबी भए सुचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफ्नो सबुत प्रमाण सहित यस वडा कार्यालयमा निवेदन दिन आउनु होला अन्यथा कानुन बमोजिम भै जाने ब्यहोरा जानकारी गराईन्छ।

तपसिल

भुवनेश्वर मेहता । ललीत नारायण मेहता र हरे कृष्ण मेहता को नाममा दर्ता कायम रहेको जग्गा

| जिल्ला | गा.वि.स | वार्ड नं. | किता नं. | क्षेत्रफल |
|---|---|---|---|---|
| सप्तरी | बोरिया | २ | १०० | ०-१२-२ |

मांगी लाल नाइ
वडा अध्यक्ष


# विश्व समाचार

## भारतमा एकै दिनमा थप साढे तीन लाख संक्रमित

नयाँ दिल्ली, ७ माघ (रासस/एएनआई)।

भारतमा कोरोनाभाइरसबाट एकै दिनमा थप झन्डै साढे तीन लाख मानिस सङ्क्रमित भएका छन्। सरकारी अधिकारीहरूले शुक्रबार दिएको जानकारीअनुसार पछिल्लो २४ घण्टामा भारतमा तीन लाख ४७ हजार २५४ जना नयाँ सङ्क्रमित भएका हुन्।

दैनिक सङ्क्रमितहरूको सङ्ख्या १७.९७ प्रतिशतको दरले वृद्धि भएको पनि भारतको केन्द्रीय स्वास्थ्य मन्त्रालयले जनाएको छ। अघिल्लो दिन बिहीबार सार्वजनिक गरिएको तथ्याङ्को तुलनामा शुक्रबार सार्वजनिक गरिएको विवरणमा सङ्क्रमितहरूको सङ्ख्या २९ हजार ७२२ बढी रहेको छ। अघिल्लो दिन भारतमा तीन लाख १७ हजार ५३२ जना नयाँ सङ्क्रमित भएको विवरण सार्वजनिक गरिएको थियो। सङ्क्रमितहरूको सङ्ख्यामा साप्ताहिक रुपमा १६.५६ प्रतिशतले वृद्धि भएको पाइएको पनि अधिकारीहरूले जनाएका छन्।

भारतमा अहिले सङ्क्रमित अवस्थामै रहेकाहरूको सङ्ख्या पनि दिन प्रतिदिन बढ्दै गइरहेको तथ्याङ्कले देखाएको छ। पछिल्लो विवरणअनुसार भारतमा अहिले २० लाख १८ हजार ८२५ जना कोरोना भाइरसबाट सङ्क्रमित अवस्थामै रहेका छन्। पछिल्लो २४ घण्टामा सङ्क्रमणमुक्त भएकाहरूको सङ्ख्या भने दुई लाख ५१ हजार ७७७ रहेको छ। एउटै अवधिमा नयाँ सङ्क्रमितहरूको सङ्ख्याभन्दा सङ्क्रमणमुक्त भएकाहरूको सङ्ख्या थोरै भएकाले पनि सक्रिय सङ्क्रमितहरूको सङ्ख्या बढ्दै गएको हो।

## जापानमा ५-११ वर्षका बालबालिकालाई पनि फाइजार खोप लगाइने

टोकियो, ७ माघ (रासस/सिन्ह्वा)।

जापानमा कोरोनाभाइरस विरुद्धको फाइजर खोप ५ देखि ११ वर्षसम्मका बालबालिकालाई पनि लगाइने भएको छ। जापानको स्वास्थ्य मन्त्रालयले ५ देखि ११ वर्षसम्मका बालबालिकालाई पनि फाइजार खोप लगाउने निर्णय शुक्रबार गरेको हो।

कोरोनाभाइरसबाट सङ्क्रमितको सङ्ख्या बढ्दै गएको र बालबालिकामा जोखिम धेरै देखिएपछि सरकारले यस्तो निर्णय गरेको अधिकारीहरूले जनाएका छन्। पछिल्लो विवरण अनुसार ५ देखि ११ वर्षसम्मका बालबालिका जापानमा ८० लाख रहेका छन भने उनीहरूलाई आगामी मार्चदेखि खोप लगाउन थालिने छ।

अमेरिकी र जर्मनी कम्पनीले सहकार्य गरेर विकास गरेको यस खोप तुलनात्मक रुपमा अरुभन्दा विश्वसनीय र प्रभावकारी रहेको जापानका सरकारी अधिकारीहरूको बुझाई छ। जापानमा १२ भन्दा बढी उमेरका नागरिकलाई भने यसअघि नै खोप उपलब्ध गराइसकेको छ। विभिन्न कारणले खोप लगाउन छुटेकाहरूलाई पनि जापान सरकारले खोप लगाउन उत्प्रेरित गर्ने गरेको छ। कोरोनाभाइरसका नयाँ नयाँ भेरियन्ट आइरहेकाले त्यसबाट जोगाउनका लागि खोप नै सबैभन्दा भरपर्दो र उपयुक्त उपाय भएकाले खोप लगाउने निर्णयमा पुगिएको जापानका मन्त्री नोरिको होरिउचीले जानकारी दिनुभयो।

कतिपयले भने बालबालिकालाई खोप लगाउने निर्णय अवैज्ञानिक र घातक हुने, प्रतिकुल प्रभाव पर्ने भन्दै बिमती पनि जनाएका छन्। विरोध हुँदै गर्दा पनि सरकारले सरोकारवाला तथा विज्ञहरूको रायका आधारमा बालबालिकालाई खोप लगाउने निर्णयमा पुगेको मन्त्री होरिउचीको भनाइ छ। अन्य देशहरूमा गरिएको परीक्षणका क्रममा फाइजर खोप बालबालिकाका लागि ९०.७ प्रतिशत प्रभावकारी देखिएको पनि उहाँले बताउनुभयो।

## पाकिस्तानमा दैनिक सङ्क्रमितको सङ्ख्या अहिलेसम्मकै धेरै

इस्लामिक, ७ माघ (रासस/सिन्ह्वा)।

पाकिस्तानमा दैनिक सङ्क्रमितको सङ्ख्या सबैभन्दा धेरै भएको छ। पछिल्लो एक दिनमा अहिलेसम्मकै सबैभन्दा सात हजार ६७८ नयाँ सङ्क्रमित थपिएको सरकारी अधिकारीहरूले शुक्रबार जानकारी दिएका छन्। यो सङ्ख्या सन् २०२० मा महामारी फैलिएदेखि अहिलेसम्मकै सबैभन्दा धेरै भएको सरकारी अधिकारीहरूको भनाइ छ। त्यसैगरी, पछिल्लो २४ घण्टामा कोरोनाकै कारणले २३ जनाको मृत्यु भएको पनि पाकिस्तानको स्वास्थ्य मन्त्रालयले जनाएको छ। पाकिस्तानमा कोरोनाका कारण अहिलेसम्म कुल २९ हजार ६५ जनाको मृत्यु भएको मन्त्रालयको तथ्याङ्क छ।

## ६ लाख २७ हजार चिनियाँ अधिकारी कारबाहीमा

बेइजिङ, ७ माघ (रासस-सिन्ह्वा)।

चीनको कम्युनिष्ट पार्टी अफ चाइना (सीपीसी) को अनुशासन र कानूनको उल्लङ्घन गरेको भन्दै प्रान्तीय र मन्त्रीस्तरका ३६ जनासहित कुल ६ लाख २७ हजार चिनियाँ अधिकारीलाई कारबाही गरिएको देशको शीर्ष भ्रष्टाचार विरोधी निकायले जनाएको छ। देशभरका अनुशासनात्मक र पर्यवेक्षक अधिकारीहरूले ३८ लाखभन्दा बढी सार्वजनिक सूचनाहरू प्राप्त गरी ६ लाख ३१ हजार मामिलाहरूमा अनुसन्धान सुरु गरेको सीपीसी केन्द्रीय अनुशासन निरीक्षण आयोग र राष्ट्रिय पर्यवेक्षक आयोगले आज जानकारी दिएका छन्।

# भारतबाट तस्करी गरि ल्याउँदै गरेको लाखौंको पान मसाला प्रहरी नियन्त्रणमा



**दैनिक समाचारदाता**
**राजविराज, ७ माघ ।**

सीमावर्ती भारतीय बजारबाट भन्सार छलि चोरबाटो हुँदै टेम्पोमा ल्याउँदै गरेको लाखौं मुल्य बराबरको पान मसालासहित प्रहरीले दुई जनालाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा टेम्पो चालक सप्तरीको राजगढ गाउँपालिका ५ बस्ने २० वर्षिय चन्दनकुमार मण्डल र सोही गाउँपालिका ३ बस्ने ४६ वर्षिय हरिनारायण साह छन् ।

बिहीबार साँझ हुलाकी मार्ग हुँदै राजविराज प्रवेश गरेको प्रदेश-१-०२-००२ ख. २७०४ नम्बरको टेम्पोलाई राजविराज वडा नं. ७ स्थित खर्साल टोलबाट नियन्त्रणमा लिइएको जिल्ला प्रहरी कार्यालय सप्तरीका डिएसपी माधव काफ्लेले जानकारी दिए ।

ठूलो परिमाणमा पान मसाला ल्याउँदै गरेको गोप्य सूचनाको आधारमा डिएसपीकै नेतृत्वमा खटेको टोलीले उक्त टेम्पोबाट अवैध रुपमा ल्याइएको ३ सय ३० प्याकेट रजनीगन्धा र १ सय ३६ प्याकेट तुलसी (सूर्ती) बरामद गरेको हो ।

त्यस्तै तस्करीमा प्रयोग गरिएको टेम्पोसहित बरामद सामानको ७ लाख १९ हजार ७ सय २० रुँपैया मुल्याङ्कन गरिएको छ ।

उनीहरुलाई बरामद सामानसहित आवश्यक कारवाहीका लागि तिलाठीस्थित राजविराज भन्सार कार्यालय चलान गरिएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

# कांग्रेसका १६ जिल्लाको अधिवेशन पुनः स्थगित

**दैनिक समाचारदाता**
**काठमाडौं, ७ माघ ।**

नेपाली कांग्रेसको १४औं महाधिवेशनअन्तर्गत जिल्ला कार्यसमितिको निर्वाचन हुन बाँकी रहेका १६ जिल्लाको जिल्ला कार्यसमितिको अधिवेशन कोभिड-१९ का कारण पुनः स्थगित गरिएको छ ।

कांग्रेसको केन्द्रीय निर्वाचन समितिले शुक्रबार विज्ञप्तिमार्फत जिल्ला अधिवेशन हुन बाँकी सप्तरी, सिरहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा, पर्सा, सिन्धुली, मकवानपुर, सिन्धुपाल्चोक, चितवन, नवलपुर, बाँके, कैलाली, र अछामको अधिवेशन कोभिड-१९ को सङ्क्रमण बढ्दै गएपछि हाललाई स्थगन गरिएको जनाएको छ ।

यही माघ १५ गते गर्ने भनिएका उक्त जिल्लाको जिल्ला अधिवेशन कोभिड-१९ को सङ्क्रमण बढ्दै गएपछि स्वास्थ्य सुरक्षाको जोखिमलाई ध्यानमा राखी हाललाई स्थगित गरिएको समिति सचिव केशव रिजालले जानकारी दिए ।

सङ्क्रमण जोखिम न्यूनीकरण भएर आम जनजीवन सामान्य बन्दै गएपछि उक्त जिल्लाको जिल्ला कार्यसमितिको निर्वाचन तत्काल गरिने उनले बताए ।

# कोभिड विशेष अस्पताल सञ्चालन

जनकपुर, ७ माघ (रासस) ।

बढ्दो कोरोना सङ्क्रमणलाई दृष्टिगत गरी मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानले पुनः कोरोना विशेष अस्पताल सञ्चालन गरेको छ । प्रतिष्ठानले सञ्चालन गरेको १०० शय्याको सो कोभिड विशेष अस्पतालमा २० भेन्टिलेटर र २० शय्याको आइसीयू शय्या रहेको प्रतिष्ठानका उपकुलपति प्रा डा रामकेवल साहले जानकारी दिनुभयो ।

यसका साथै कोभिड विशेष अस्पतालमा दैनिक ५० सिलिण्डरसम्म भर्न सक्ने क्षमताको अक्सिजन प्लान्टसमेत जडान गरिएको उपकुलपति प्रा डा साहले बताउनुभयो । सञ्चालन गरेको कोभिड विशेष अस्पतालमा हाल दुई कोभिड सङ्क्रमितको उपचार भइरहेको र उपचाररत दुवै सङ्क्रमितको स्वास्थ्य अवस्था समान्य रहेको प्रतिष्ठानले जनाएको छ ।

कोभिड विशेष अस्पतालका अधिकांश शय्या अहिले खाली रहेकाले दैनिक तीन-चार जना अन्य रोगका बिरामीलाई समेत राखेर उपचार गरिरहेको उपकुलपति डा साहले बताउनुभयो । विशेष अस्पतालको गत बुधवार स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री बिरोध खतिवडा, मधेश प्रदेश सरकारका सामाजिक विकासमन्त्री नवलकिशोर साहलगायतले निरीक्षण गर्नुभएको थियो । प्रदेश सरकारबाट वार्षिक रु १० करोड अनुदानमा सञ्चालित सो प्रतिष्ठानले अघिल्लो कोरोनाकालमा पनि कोभिड अस्पताल सञ्चालन गरेको थियो ।

यस्तै तीव्रगतिमा फैलिरहेको कोभिड-१९ सङ्क्रमणलाई मध्यनजर गर्दै भारतसँग जोडिएका धनुषाको सिमानामा हेल्थ डेस्क स्थापना गरिएको छ । छिमेकी मुलुक भारतबाट सङ्क्रमित नेपाल भित्रिन सक्ने भन्दै सीमा जोडिएका धनुषाको जनकनन्दनी गाउँपालिकाको इनरुवा, खजुरी गाउँपालिकाको महुवामा हेल्थ डेस्क स्थापना गरी एन्टिजेन परीक्षण भइरहेको प्रमुख जिल्ला अधिकारी सुरेन्द्र पौडेलले जानकारी दिनुभयो । यसबाहेक धनुषाको नगराइनस्थित जटही नाकामा हेल्थ डेस्क स्थापनाको तयारी भइरहेको उहाँले बताउनुभयो ।

# आफूहरुको धैर्यता र संयमताका कारण गौरमा ठूलो घटना भएन : राज्यमन्त्री यादव

जनकपुर, ७ माघ (रासस) ।

मधेश प्रदेश सरकारका भूमि व्यवस्था कृषि तथा सहकारी राज्यमन्त्री योगेन्द्र राय यादवले रौतहटको गौरमा माघ ५ गते आफूहरुको धैर्यता र संयमताका कारण ठूलो घटना नभएको बताउनुभएको छ ।

जसपा निकट समाजवादी युवा सङ्घले गत माघ ५ गते रौतहटको गौरमा आयोजना गरेको बलिदानी दिवस कार्यक्रममा भौतिक पूर्वाधार तथा यातायातमन्त्री रेणु यादवले दिनुभएको अभिव्यक्तिलाई लिएर व्यापक आलोचना हुन थालेपछि समाजवादी युवा सङ्घका केन्द्रीय अध्यक्षसमेत रहनुभएका उहाँले आज बिहान जनकपुरधाममा आयोजित पत्रकार सम्मेलनमा सो कुरा बताउनुभएको हो ।

“भौतिक पूर्वाधार तथा यातायात मन्त्री यादवले जनमत पार्टीका अध्यक्ष सीके राउतको हत्या गर्ने नियतले कुनै अभिव्यक्ति दिनुभएको होइन”, राज्यमन्त्री यादवले भन्नुभयो, “उहाँको भनाइ त्यो थिएन, उहाँले त हिंसात्मक गतिविधि नगर्न जनमत पार्टी र उहाँको कार्यकर्तालाई सुझाव मात्र दिनुभएको हो ।” जनमतका कार्यकर्ताबाट मन्त्री यादवमाथि सङ्घातिक आक्रमणको प्रयास गरे पनि आफूहरुको धैर्यता र संयमताका कारण कुनै अप्रिय घटना नभएको उहाँको भनाइ थियो ।

किसान आन्दोलनको नाममा जनमत पार्टीले गैरलोकतान्त्रिक र अराजक गतिविधि गरिरहेको आरोप लगाउनुहुँदै राज्यमन्त्री यादवले किसान आन्दोलनको नाममा जनमत पार्टीले आफ्नो राजनीतिक रोटी सेक्ने काम मात्र गरिरहेको बताउनुभयो ।

# शनिबारदेखि राजधानीका सबै सङ्ग्रहालय बन्द गरिने

काठमाडौं, ७ माघ (रासस) ।

नयाँ भेरियन्टसहितको कोरोना भाइरसको सङ्क्रमण तीव्र बन्दै गएपछि शनिबारदेखि राजधानीका सबै सङ्ग्रहालय बन्द गरिने भएको छ ।

उपत्यकाका तीनवटै जिल्लाका प्रमुख जिल्ला अधिकारीको बिहीबार सम्पन्न बैठकले शुक्रबार राति १२ बजेदेखि राजधानीका सबै सङ्ग्रहालय बन्द गर्ने निर्णय गरेको थियो । आजसम्म स्वास्थ्य सुरक्षाका मापदण्ड पूरा गरेर चलिरहेका सङ्ग्रहालय शनिबारदेखि बन्द गर्ने गरी तयारी गरिएको हनुमानढोका दरबार सङ्ग्रहालयका कार्यालय प्रमुख सन्दीप खनालले राससलाई जानकारी दिनुभयो ।

राजधानीमा हनुमानढोका दरबार सङ्ग्रहालयका साथै मुख्यरुपमा राष्ट्रिय सङ्ग्रहालय, मुद्रा सङ्ग्रहालय, नारायणहिटी दरबार सङ्ग्रहालय, भक्तपुर र पाटन दरबार सङ्ग्रहालयलगायत सङ्ग्रहालय छन् । कोरोना बढ्दै गएपछि सरकारले भीडभाड हुने सबै कार्यालय बन्द गर्ने क्रममा शनिबारदेखि सङ्ग्रहालय पनि बन्द गर्न लागेको हो । अर्को सूचना जारी नभएसम्म सङ्ग्रहालय बन्द गर्न जिल्ला प्रशासन कार्यालय काठमाडौंको विज्ञप्तिमा उल्लेख छ ।





अनुरोधकर्ता : बलान बिहुल गाउँ कार्यपालिकाको कार्यालय सप्तरी

- खेतबारी तथा उर्वर भूमिलाई बाँझो नराखौं ।
- भूमिको अधिकतम उपयोग गरौं ।
- कृषिलाई आत्मनिर्भर मात्र होईन व्यवसायिक बनाऔं ।
- भूमिको बहुउपयोग गरी उत्पादन बढाऔं र स्वदेशी अर्थतन्त्रलाई टेवा पुऱ्याउँ ।

नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।

हाम्रो सेवाहरु

नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५३१०९६

ipay remit | City Express Money Transfer | Best Remit | Prabhu Money Transfer | IME International Money Express | himal remit हिमालरेमिट | CG Money


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*